स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही पुष २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कार्साङ'मा अभिनेता दयाहाङ राई झाँक्रीको भूमिकामा छन् । ३ हप्ताअघि सार्वजनिक भएको टिजरमा उनलाई ढ्याङ्ग्रो ठटाउँदै आगोको भुङ्ग्रोमाथि नाचिरहेको देख्न सकिन्छ । धेरैले यो प्रविधिको प्रयोग गरिएको 'छल दृश्य' हुनसक्ने आशंका गरेका थिए । तर, दयाहाङले वास्तवमै आफू आगोको भुङ्ग्रोमाथि नाचेको बताएका छन् । स्क्रिप्ट पढ्ने बेलामा भने झाँकीको चरित्र भएकाले दयाहाङ डराएका रहेछन् । झाँक्रीको क्यारेक्टर भन्ने वितिक्कै डर लागेको थियो ।

**आजको विचार...**



सुन्दा...
(दुई पेजमा)

पदम न्यौपाने



आगामी माघ १६ गते (शहिद दिवस)देखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'एक्टर : टेक वान' को मुख्य भूमिकामा दुई पुस्ता छन्, राजबल्लभ कोइराला र प्रदीप खड्का । राजबल्लभ दशकअघिका 'स्टार' हुन् । उनीपछि उदाएको पुस्तामा प्रदीप पर्छन् । यसैले उनीहरुलाई पहिलो पटक एकसाथ पर्दामा हेर्न दर्शक अधैर्य छन् । 'को हिरो र को भिलेन' भन्ने कौतुहलता पनि उतिक्कै देखिन्छ । फिल्म रिलिजका लागि अब एक महिना बाँकी रहँदा निर्माण टिमले प्रचारमा तीव्रता दिन थालेको छ । जसअनुरुप दुईथान पोस्टर सार्वजनिक गरियो, जसले पात्रहरुको मुड दर्शाउँछ । एक पोस्टरमा राजबल्लभ र प्रदीप चित्रित छन् ।

❒ वर्ष ३० ❒ अंक १५९ ❒ २०८१ पौष १७ गते बुधबार 1 January 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### विमान दुर्घटना : १ सय ७४ जनाको शव सनाखत

(रासस/सिन्ह्वा)——

**सियोल**, पुस १६/दक्षिण कोरियाको दक्षिणपश्चिमी विमानस्थलमा आइतबार भएको एक विमान दुर्घटनामा परी मृत्यु भएका १ सय ७९ मध्ये १ सय ७४ जनाको शव फेला परेको यातायात मन्त्रालयले मंगलबार जनाएको छ ।

भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयले औंठाको छापबाट पहिचान हुन नसकेका ३२ पीडितमध्ये डिएनए परीक्षणबाट थप १० जनाको पहिचान भएको शोकसन्तप्त परिवारलाई जानकारी गराएको छ । बाँकी पाँच जनाको शव पहिचान हुन सकेको छैन । पहिचान भएका चार जनाको शव शोक सन्तप्त परिवारलाई हस्तान्तरण गरिएको र उनीहरुको अन्त्येष्टि कार्य सुरु भएको मन्त्रालयले जनाएको छ । अधिकारीहरूले यसअघि सबै शवहरू परिवारलाई हस्तान्तरण गर्न १० दिन लाग्न सक्ने बताएका थिए जेजु एयरको बोइङ ७३७-८०० विमान सियोलबाट २९० किलोमिटर दक्षिणपश्चिममा रहेको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा दुर्घटना भएको थियो । -रासस

# पाल्पामा खानेपानी समस्याको दीर्घकालीन समाधान गर्छौं : मन्त्री यादव

## 'अब डोकोमा पानी बोक्ने बाध्यताको अन्त्य हुन्छ'

रामचन्द्र रायमाझी ——

**पाल्पा,** पौष १६/ खानेपानी मन्त्री प्रदीप यादवले पाल्पाको खानेपानी समस्याको दीर्घकालीन समाधान गर्ने बताएका छन् । मंगलबार पाल्पा आएका मन्त्री यादवले समग्र जिल्लामा देखिएको खानेपानी समस्या समाधानको दीर्घकालीन समाधान गर्ने बताएका हुन् ।

तानसेन खानेपानी उपभोक्ता समितिले आयोजना गरेको सरोकारवाला निकायहरुसँगको छलफलमा मन्त्री यादवले आफुले पाल्पाको खानेपानीको समस्याका बारेमा राम्रोसँग बुझ्ने अवसर पाएकोले त्यसको समाधानमा प्रतिवद्ध भएर लाग्ने बताएका छन् । उनले तानसेनको खानेपानी समस्या मात्र नभई समग्र जिल्लाको समस्या समाधानमा आफ्नो मन्त्रालयले काम गर्ने उल्लेख गरे । मन्त्री




यादवले खानेपानीका लागि आवश्यक योजना बनाएर ल्याउन जिल्लावासीलाई आग्रह गरे । उनले 'यहाँको समस्या समाधानका लागि के गर्नु पर्छ त्यसका लागि योजना बनाएर ल्याउनुहोस् हामी आवश्यक बजेट विनियोजन गर्छौं ।' मन्त्री यादवले अर्को आर्थिक वर्षाका लागि पाल्पामा खानेपानीको क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्ने समेत प्रतिवद्धता जनाए । उनले भने,'बजेटको चिन्ता नगर्नुहोस् तपाईहरुले नसोचेको बजेट पाल्पालाई पर्ने छ ।' आफ्नो कार्यकालमा पाल्पाको खानेपानी समस्याको अन्त्य गर्ने उनको भनाई छ । मन्त्री यादवले यहाँका कुनै पनि नागरिकले डोकोमा पानी बोकेर खानुपर्ने अवस्थाको अन्त्य गर्ने समेत बताए । उनले भने' अझै पनि पानीको समस्याका कारण घटौं हिडेर डोकोमा पानी बोक्नुपर्ने बाध्यता छ, त्यसको अन्त्य गर्ने छौं ।' मन्त्री यादवले तानसेनको खानेपानी समस्या समाधान गर्न आवश्यक भौतिक पूर्वाधारको लागि बजेटको कुनै पनि कमी हुन नदिने बताए । उनले स्थानीय र प्रदेश सरकारसँग नदोहारिने गरी योजना ल्याउन समितिलाई समेत आग्रह गरे । मन्त्री यादवले भने' स्थानीय र प्रदेश सरकारले छुट्याका बाहेक खानेपानी योजनाहरु ल्याउनुहोस् हामी आवश्यक बजेट विनियोजन गर्छौं त्यसमा ढुक्क हुनुहोस् ।' कार्यक्रममा तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठले तानसेनको खानेपानीको अवस्थाको बारेमा मन्त्री यादवलाई जानकारी गराएका थिए । उनले आफुहरु आएपछि तानसेनको विकराल खानेपानी समस्या समाधान गरेको र केही भौतिक पूर्वधार निर्माण नहुँदा समस्या आएको बताए । उनले खानेपानी वितरण प्रणालीलाई व्यवस्थित बनाउँदै न्यायोचित ढंगले वितरण गर्दै आएको बताउँदै आवश्यक पूर्वधार नहुँदा केही समस्या भएकाले त्यसको लागि संघीय सरकारले आवश्यक बजेट विनियोजन गरिदिन आग्रह गरे । अध्यक्ष श्रेष्ठले कालीगण्डकीको लिफ्टिङ पानीले तानसेनवासीलाई केही राहत भए पनि गरिबलाई सेतो हात्ती जस्तै भएको बताए । उनले सरकारले योजना ल्याएर काम गरे पनि लगानी नगर्दा समस्या आएको उल्लेख गरे । तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजालीले बजेट नहुँदा प्राप्त मात्रमा खानेपानीको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न नसकिएको बताईन् । उनले खानेपानीको पूर्वाधार निर्माणमा ध्यान दिन संघीय सरकारलाई आग्रह समेत गरिन । कार्यक्रममा तानसेन नगरपालिकाका पूर्व नगर प्रमुख तथा नेकपा एकिकृत समाजवादी पाल्पाका अध्यक्ष अशोक कुमार शाहीले खानेपानी समस्याका कारण तानसेनबाट बसाइसराई बढ्दो रहेको बताए । उनले विगतमा व्यवस्थित र न्यायोचित ढंगले खानेपानी वितरण नहुँदा तानसेनको ठूला जनसंख्या बसाईसराई गरिसकेको उल्लेख गरे । नेता शाहीले अहिलेको समितिले भने समस्या समाधानमा केही हदसम्म भए पनि महत्वपूर्ण काम गरेको भन्दै त्यसमा सरकारले समेत साथ दिनुपर्ने धारणा व्यक्त गरे । समितिका सचिव प्रेम मल्लको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पत्रकारिता तालिम सकियो



**पाल्पा,** पौष १६/नेपाल प्रेस युनियन पाल्पा शाखाले सञ्चालन गरेको दुई दिने आधारभूत पत्रकारिता तथा सूचना प्रवाह तालिम मंगलबार सकिएको छ । युनियनको आयोजना र तानसेन नगरपालिका -४ वडा कार्यालयको सहयोगमा पौष १५ र १६ गते भएको तालिम सकिएको हो ।

तालिमको एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । तालिमको तानसेन नगरपालिकाका -४ की वडा सदस्य सीता बस्नेतले समापन गरेकी हुन् । तालिमको समापन गर्दै प्रमुख अतिथि समेत रहेकी बस्नेतले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह गरिन् । उनले अहिले सिमित बजेटका कारण छोटो अवधिको तालिम सञ्चालन भएकाले आगामी दिनमा बजेटको सिमा बढाएर लामो समयको तालिम सञ्चालन गरिन बताईन् ।

नेपाल पत्रकार महासंघका जिल्ला सचिव रामचन्द्र रायमाझीले दुई दिने तालिमले व्यक्तित्व, नेतृत्व र सत्य, तथ्य सूचनाको पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । उनले आगामी दिनहरुमा यस्ता तालिमहरु ग्रामीण र दुरदराजका नागरिकहरु समक्ष पुऱ्याउन स्थानीय सरकार र संघ संगठनहरु लाग्नुपर्ने बताए । तालिममा सहभागी मञ्जु पोखरेलले दुई दिनको बसाईमा धेरै कुराहरु सिक्न पाएको भन्दै सिकेका कुराहरुलाई व्यवहारमा समेत उतार्ने बताईन् । तालिममा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष तथा तालिम संयजोक माधव अर्यालले पत्रकारिता के हो ?, पत्रकारिताका सिद्धान्त, समाचार लेखन, खोजपत्रकारिता, युनियनका सल्लाहकार शंकर भण्डारीले बैंठक सञ्चालन, असल बैंकका विशेषता, बैंक सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु, युनियनकी अध्यक्ष मन गहिरेले महिला पत्रकार, चुनौति र नीतिगत अवस्था र लोक दोहोरी प्रतिष्ठान पाल्पाका अध्यक्ष कमल भट्टराईले उद्घोषण सम्बन्धी प्रशिक्षण दिएका थिए ।

युनियनकी जिल्ला अध्यक्ष मन गहिरेको अध्यक्षता, उपभोक्त समितिका सचिव तथा युनियनका उपाध्यक्ष विष्णु खनालको सञ्चालनमा समापन कार्यक्रम भएको थियो । तालिममा ३० जनालाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

# विभिन्न कार्यक्रम गरी आज टोपी दिवस मनाइँदै

**पाल्पा,** पौष १६/आज अंग्रेजी नयाँ वर्ष २०२५ को पहिलो दिन 'अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस' मनाइँदैछ । नेपाली टोपीको प्रवर्द्धन गर्नका लागि अंग्रेजी नयाँ वर्षको पहिलो दिन पारेर यो दिवस मनाउन थालिएको हो । नेपाल बाहिर रहेका नेपाली र नेपाली भाषीहरूले पनि नेपाली टोपी लगाउने गर्छन् । विशेषत: भादगाउँले टोपी र ढाका टोपीलाई नेपाली टोपीका रूपमा लिने गरिन्छ । तर, नेपालका विभिन्न समुदायले आ-आृनो पहिचान र परम्परा झल्किने खालका टोपी लगाउने गरेका छन् ।



पाल्पासहित देशभर दिवसका रुपमा हर्सोउल्लासका साथ विभिन्न कार्यक्रम मनाउन लागिएको छ । मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै केही युवाको अगुवाईमा २०७० सालदेखि हरेक वर्षको जनवरी १ लाई टोपी दिवस र पौष १७ गतेलाई राष्ट्रिय पोशाक दिवसको रुपमा मनाउन सुरु गरेका थिए । नेपालमा मात्रै नभइ विदेशमा समेत रहेका धेरै नेपालीले परम्परागत ढाका र भादगाउँले टोपी लगाएर सामाजिक सञ्जालमा तस्वीर पोस्ट गर्ने गरेका छन् । सदियौँदेखि नेपाली पहिचानको रुपमा रहेको दौरा सुरुवाल, टोपी र गुन्यूचोलोलाई तत्कालीन सरकारले राष्ट्रिय पोशाकको सूचीबाट हटाएपछि अभियानले नेपाली ढाका टोपी, भाद्गाउँले टोपीलाई राष्ट्रिय पहिचानका रुपमा घोषणा गरियोस् भन्ने माग सहित सरकारलाई दबाब दिँदै आएको छ । दिवसका अवसरमा आज पाल्पामा पनि पाल्पाली युवाहरु तथा विभिन्न संघ-संस्थाको सक्रियतामा टोपी दिवस मनाउन लागिएको छ । ढाका टोपी दिवस भने पनि नेपाली पुस्ताले ढाका टोपीसँगै भादगाउँले टोपीको पनि महत्व बुझ्न जरुरी छ । प्रथम राणा प्रधानमन्त्री जंग बहादुर राणा सन् १८४० मा बेलायत जाँदा जहाजका बाली कर्मचारीले धोती माथि लगाएका कमिज अर्थात् अहिलेको इस्टकोट अनि ढाका टोपी देखेर राम्रो लागि त्यही भेष नेपालमा लिएर आएका कथाहरू पनि ढाका टोपी पछाडीका अपुष्ट इतिहास हुन् । ढाका नेपाली हातले बुनिने एउटा विशेष कपडाको प्रकार हो र त्यसबाट बनेको टोपी नेपालीको शान । ढाका टोपीको इतिहासलाई हेर्दा भारतमा ब्रिटिस साम्राज्यको राजकाजबाट हेर्नुपर्ने हुन्छ ।

त्यस समयमा भारतमै रहेको बङ्लादेशमा निर्माण हुने टोपीको कपडा बङगलादेशको ढाकामा बन्ने गर्दथ्यो जसलाई नेपालसम्म आयात गरिन्थ्यो । क्रमश: ढाकामा बनेको यस टोपीलाई ढाका टोपी भनिन थाल्यो, यही टोपी नेपाली शानको पर्याय हुन गएको हो । आज नेपाल ढाका कपडामा स्वनिर्भर छ । पाल्पा लगायतका धेरै ठाउँमा ढाका कपडाको उत्पादन हुने गर्दछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## टोपी दिवसको सन्देश

टोपी दिवस आज विविध कार्यक्रम गरी मनाईँदै छ । नेपाली टोपीको प्रयोगलाई संसारभर व्यापक बनाउने उद्देश्यले सन् २०१४ जनवरी अर्थात् २०७० पुस १७ गतेदेखि अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउन थालिएको हो । नेपालीहरुले हरेक अंग्रेजी वर्षको जनवरी १ तारिखमा यो दिवस मनाउने गर्दछन् । दिवस मनाउनुलाई सकारात्मक रुपमा लिनुपर्छ । तर पछिल्लो समय अंग्रेजी वर्ष मनाउन मरिहत्ते गर्ने नेपालीले आफ्नो मौलिक संस्कृति बिर्सदै गएको नेपाली नयाँ वर्षलाई महत्व नदिएबाटै प्रस्ट हुन्छ । जे होस् जस्तै भए पनि अंग्रेजी नयाँ वर्षकै दिन नेपालीहरुले टोपी दिवस मनाउनुलाई अन्यथा मान्नु हुँदैन । भलै, सामाजिक सञ्जालमा तस्बिर राख्न नै किन नहोस्, टोपी दिवस मनाउने युवा जमात बढिरहेको छ । टोपी नेपालीहरुको मौलिक पहिचान हो । ढाकाको कपडामा तयार पारिने टोपी पुरुषहरुले लगाउने एक प्रकारको टोपी हो । निदार सहति सम्पूर्ण टाउको ढाक्ने भएकोले पनि यसलाई ढाका टोपी भनिने जनविश्वास छ ।

हिमाली टाकुरा झैं शीरमा टोपी ढल्काउनु नेपाली हुनुको आत्म–गौरव पनि हो । यही टोपी चेलीले माइतीलाई दिने सर्वोत्तम उपहार हो । यसको खास अर्थ र महत्व छ । यसलाई पहिरनको पनि उच्च कोटीमा राखिन्छ । हाम्रा पूर्खाहरुले टोपीलाई शिरपोसको उपमा दिंदै यसको महत्वलाई दर्शाएका थिए । तिहारको भाइटिकामा दिदी वहिनीले दाजुभाईको शिरमा ढाकाटोपी लगाइदिने चलन अझै विद्यमान छ । यसको खास अर्थ छ । टोपी जस्तै दाजुभाईको सिर उच्च रहोस् भन्ने प्रतिकात्मक सन्देश सहित ढाका टोपी उपहार दिइन्छ । अर्कोतिर के पनि धारणा छ भने, भाइटिकामा माइतीको टाउको खाली राख्नुहुँदैन । यहि कारण टोपी पहिर्‍याइदिने गरिन्छ । त्यसो त नेपाली टोपीप्रति हाम्रो भावनात्मक सम्बन्ध छ । यसमा हामी आफ्नोपन पाउँछौ । कतै हामीलाई चिनाउनु परे ढाका टोपी हाम्रो मानक बन्छ । यो हाम्रो आफ्नै उत्पादन हो । टोपी लगाएर हिंड्दा नेपाली हुँ भन्ने छुट्टै गर्वानुभूति हुन्छ । दिवसका अवसरमा आज देशका विभिन्न स्थानमा टोपी लगाएर र्‍याली निकाल्दै छन् । पुराना पाका पुस्ताहरुमा सिमित रहेको ढाका टोपी पछिल्लो समय केही नयाँ पुस्ताका युवाहरुले समेत लगाउन थालेका छन् । यो ढाका टोपी दिवसको प्रभाव हो भन्दा फरक पर्दैन । दिवसले आफ्नो संस्कृति तथा संस्कारको संरक्षण गर्नमा ठूलो योगदान पुर्‍याएको छ । यसर्थ सर्वोच्च शिखर सगरमाथा जस्तै स्वाभिमानी र अडिग छौं भनेर गर्व गर्न हरेक नेपालीले शिरमा ढाका टोपी लगाउनैपर्छ भन्ने यो दिवसले दिएको छ ।

## Opinion @ Social Network

मलाई थाहा छ कम्पिटेसन आफैसँग गर्नुपर्छ तर यार जब तिमीलाई अगाडि बढेको देख्छु यो सब बिर्सिन्छु ।

*(शंखर गैरेको फेसबुक स्टाटसबाट https://www.facebook.com/shankar.gaire356)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुन्दा सामान्य तर प्रभाव आंकलन गरौं त !



पदम न्यौपाने
तानसेन १०, पाल्पा

**पाल्पा र विशेषगरी तानसेनको पर्यटनका सन्दर्भमा प्रदेश सरकारले बर्दिया, लुम्बिनी र तानसेनलाई गन्तव्यको रुपमा विकास गर्ने प्राथमिकता प्राप्त क्षेत्रको रुपमा लिएको नीतिलाइ पाल्पाले गहन रुपमा लिनुपर्ने देखिन्छ । यसैगरी केही महिना अगाडि तानसेनलाई मध्ययूगिन सम्पदायूक्त सहरको रुपमा विकास गर्ने बारे गरिएको अध्ययन प्रतिवेदनलाई महत्वका साथ कार्यान्वयनमा ल्याउने पहललाई सकारात्मक रुपमा लिन सक्नुपर्दछ । उल्लेखित यस्ता पहलहरु पाल्पा र तानसेनको पर्यटनलाई दीगोरुप दिने पहलहरु हुन । यी पहलहरु काल्पनिक नभइ केही चरणमा अगाडि बढेका पहलहरु हुन् ।**

तानसेन बजारमा ग्रामीण क्षेत्रबाट समेत बजार गर्न मानिसहरु आउन छाडे । विभिन्न छिमेकी जिल्लाको व्यापारिक केन्द्रको रुपमा रहेको तानसेन बजारमा चहल पहल घट्यो । त्रिभूवन बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तरले तानेको हजारौंको विद्यार्थी सख्या पनि अचेल खुम्चिएर घरहरु समेत खाली रहन पुगे । वर्षौंदेखी पर्यटनको नारा दिने तर यसका लागि रणनीतिक पहलहरु समेत नहुने र आन्तरिक तथा बाह्रय पर्यटकको आगमन समेत नहुँदा तानसेन बजारले ठूलो पिडा ब्यहोरेको चिन्ता सबैले व्यक्त गरे पनि के गर्ने र कसरी जाने भन्ने बारेमा उत्साहजनक र पहलका लागि बहस समेत हुन छोडेको धेरै भयो । अहिले तानसेनले व्यहोरेको पिडा यही हो भनेर धेरैले भन्ने गरे पनि यो पक्तिकार यही मात्र कारण मान्न तयार छैन । किनकी तानसेनले व्यहोरेको पिडा तानसेनका वासिन्दा मात्रको होइन यसको प्रभाव समग्र पाल्पाले व्यहोरेको निष्कर्षमा यो पक्तिकार रहेकोले केही पहलहरुलाई यहाँ प्रदर्शन गरिएको व्यवहारले हाम्रो चिन्ता र नियतलाई प्रष्ट पार्ने छ भन्ने लागेका कारण यहाँ उल्लेख गर्ने जमर्को गरिएको छ ।

प्रारम्भ गरौं एउटा सामान्य तर गहन सन्देश प्रवाह गर्ने उदारणबाट । केही महिना अगाडि आफ्नो निजि भ्रमणले अमेरिका पुगेका सर्जु लिगलले अमेरिकाको क्यालीफोर्नीया पुग्दा अचम्म मानेर मलाई कल गरेर भन्नु भयो हैन यो डाँडाले मान्छेलाई कति आकर्षण गराएको हो ? दिनमा हजारौ मान्छे आउँछन् फोटो खिच्छन् ,जान्छन् । यति फोटो खिच्नका लागि मात्र आउनेहरुको भिड र गाडीहरुले घण्टौ टाफिक जाम गराउने रहेछ । उहाँले सोही क्रममा उल्लेख गर्नु भयो हाम्रो श्रीनगरडाँडालाइ पनि यस्तै हेर्ने र फोटो खिच्ने आकर्षक स्थान बनाउन सकिदैन र ? प्रश्न मलाई राख्नुको कुराले सम्झायो कि गत वर्ष मैले यही सोच अनुसार तानसेन ७ मा पर्ने लामीडाँडालाइ तानसेन पृष्ठभूमिमा राखेर फोटो खिच्ने ठाउँ बनाउन गरिएको प्रयत्नका बारेमा । त्यसैगरी आफ्नो फेसबुक पेजमा एउटा छोटो भिडियो राख्नु भएको थियो र लसएन्जलसको घुमाइका क्रममा एउटा सानो तालमा पुगेर तालमाथि रहेका निजी घरहरु र पर्यटन व्यवसायका बारेमा आफ्नो फेसबुक पेजमा उल्लेख गरेको कुराले पर्वास तालको स्मरण गरायो ।

यी कुराहरु सुन्दा निजि सुनिए पनि यसको अर्थ छ किनकी सर्जु लिगल त्यस्तो व्यक्ति हो जसले वर्षौंदेखी बन्द गरेर राखेको फिलिमहल तानसेन बजारमा मानिसहरुको आवत जावत नै नभएको देखेर करोड भन्दा बढी खर्चगरी फिलिम हल पुन: सुचारु गरेको धेरैलाइ जानकारी पनि छैन होला । यसर्थ यो टिप्पणीकारले यी दुई उदारणहरु उहाँको मनले बोलेको ठानेर यो लेख तयार पार्ने कोसिस गरेको हो । अब प्रवेश गरौं श्रीनगरको आकर्षण थप्ने सन्दर्भमा चर्चा गर्दा अहिले श्रीनगरमा तानसेन लेखिएको होडिङ बोर्डका बारेमा प्रस्तावक तत्कालिन सांसद समक्ष यो पंतिकारले प्रस्ताव गरेको थियो बोर्ड बनाउनु भन्दा लेजरकिरणमार्फत तानसेन लेख्ने सम्भावना बारे हेरौं किनकी यसो गर्न सम्भव भयो भने नयाँपाटीबाट तानसेन देखिने मात्र होइन यो त सम्भवत बुटवलबाट पनि देख्न सकिन्छ । तर यो प्रस्तावबारे खासै कुनै महत्व राखेको वा पहल भएको देखिएन या सुनिएन किनकी ५० लाखको रकम खर्च गर्नु थियो र अन्तमा ३० लाखको हाराहारीमा खर्च गरी हाल तानसेन लेखेर राखिएको छ । यो खर्च र बनावटको औचित्यताका सन्दर्भमा समिक्षा पनि होला । यसैगरी श्रीनगरडाँडाका सन्दर्भमा सल्लाको रुखका विकल्पमा चौडापाते तर रंगिन रुख विरुवा लगाउने पहलका सन्दर्भमा अध्ययन पहलका लागि पहल गरिएको मात्र होइन श्रीनगर वनलाई पर्यावरण र पर्यापर्यटनको रुपमा हेरिनुपर्दछ भन्ने मान्यतालाई बहसमा ल्याउन आवश्यक छ । यसो गर्न सकियो भने पनि श्रीनगरको सौन्दर्यतालाई पृष्ठभूमिमा राखेर फोटो खिच्ने गरी लामीडाँडाको विकास हुने अपेक्षा गर्न सकिन्छ । यही सम्भावनालाई मध्यनजर राख्दै गत आवको आषाढ महिनामा समाजसेवी शान्ति झेडीले अकस्मात भन्नु भयो यो वृक्षारोपणको समयमा तानपामा पर्ने सिद्धार्थ राजमार्गमा रंगीन फूलहरुको विरुवा लगाऔं । उहाँसँगको छलफलले एउटा सोंच आयोकी यो काम त लामीडाँडामा गर्न सकियो भने तानसेनलाई पृष्ठभूमि बनाई फोटो खिच्नेहरुको भिड लाग्न सक्छ । अहिले सिद्धार्थ राजमार्ग हुँदै पोखरा जाने भारतीय पर्यटकहरु र अन्य देशका पर्यटकहरुका लागि एक आकर्षक थलो लामीडाँडा बनाउन सकिन्छ भन्ने सोच अनुरुप त्यहाँका जग्गा धनीहरुको खाजीको काम भइ रहेको छ । केही लगानीकर्ताहरुले स्थानको भ्रमण गरी जग्गाको खोजी भइरहेको छ । नपा समक्ष मौखिक रुपमा कम्तीमा एकवटा सार्वजनिक शौचालय निर्माण र सोही स्थानमा सूचना केन्द्र निर्माणका लागि पहल गर्न जरुरी भएको अनुरोध गरिएको छ । सम्भवत लामीडाँडालाइ भोली रेष्टोरेन्ट र भ्यूप्वाइन्टको रुपमा परिचयमा आउने निश्चित छ । पाल्पाको एक विशिष्ट विशेषता बोकेको प्रभास तालको आफ्नै विशिष्टिकृत महत्व र सम्भावना बोकेको सिमसार क्षेत्र हो । यहाँ उपलब्ध जैविक विविधताले हाल तालको बारेमा रहेको बुझाई भन्दा निकै गहिरो अर्थ र महत्व बोकेको ताल पनि हो ।

तालमा २ प्रकृतिका जग्गा रहेका छन् । एउटा जिल्ला समन्वयको नाममा रहेको करिव ४० रोपनी र बाँकी जग्गा निजि जग्गा धनीले आफ्नो रहेको दावी गरेका छन् । तर जो जसको जग्गा भए पनि प्रभास हाइवेदेखी झण्डै बागखोर सम्म फैलिएको सिमसारलाई तालको रुपमा विकास गरेर निजि जग्गाधनीहरुसँग एउटा अवधारणामा ताल र ताल सेरोफेरोमा पर्यटकीय गतिविधि चलाउन सकिन्छ भनेर केही वर्ष अगाडिदेखी पहल गरिएको भए पनि स्थानीय सरकारको समन्वयात्मक एवं सहयोगी भूमिका निर्वाह नगरिदिदा अगाडि बढ्न सकेको थिएन । सायद यो वर्ष गुरुयोजना निर्माणको कार्य अगाडि बढेको खण्डमा ताल र सेरोफेरोको रुप मात्र होइन आर्थिक सामाजिक रुपान्तरणमा समेत योगदान देखिने छ । यसबाट पाल्पामा तालका कारण आन्तरिक मात्र होइन बाह्यपर्यटकको आगमनमा ठूलो योगदान गर्ने छ । उल्लेखित उदारणका अतिरिक्त रानीमहल (रानीघाट दरबार)मा राणाकालिन विशेषगरी खड्ग सम्शेरका परिवारहरुबाटै सो समयमा प्रयोग गरिने सामानहरु संकलन गर्ने र हालको स्वरुपमा निकै फरक वा आकर्षक बनाउने प्रस्ताव पनि नपाद्धारा विचाराधिन अवस्थामा राखेको छ भने गत वर्ष दरवार प्रांगढमा आयोजित पाल्पाका लागि नयाँ बिचभलिबल सम्पन्न गर्ने क्रममा तानपा प्रमुख र बगनासकाली अध्यक्षले संयूक्तरुपमा संकल्प र प्रतिवद्धता गरेको निरन्तरता र संरक्षण कार्यले प्राथमिकता पाउने छ भन्ने विश्वास गरिएको छ । यसको निरन्तरताले विदेशी पर्यटकको आगमनमा आकर्षण थपिने मात्र होइन यस गतिविधिबाट पाल्पाबाटबिच भलिवलका लागि राष्ट्रिय टिम तयारी हुने खेलप्रेमीहरुको अपेक्षा रहेको देखिन्छ ।

पाल्पाले हालसम्म कल्पना गर्न नसकेको टुँडिखेललाई प्रदेशस्तरिय खेल मैदान वा स्टोडियम बनाउने बहस र चर्चालाइ निम्न नदिएर यस अगाडि टुँडिखेल व्यवस्थापनको जिम्मा निजि क्षेत्रलाई दिने सन्दर्भमा सोच्नु पर्ने देखिन्छ । तानसेनमा अर्को एउटा नयाँ बहसको रुपमा आएको तानसेन पर्यटन विकास वोर्डको गठन र यसले तानसेन मात्र होइन पाल्पाको पर्यटन विकासमा नयाँ सोच र प्रभाव देखिने बारे समयमै सोच्न सकियो भने तानसेनको पर्यटनले न्याय पाउने छ । पाल्पा र विशेषगरी तानसेनको पर्यटनका सन्दर्भमा प्रदेश सरकारले बर्दिया, लुम्बिनी र तानसेनलाई गन्तव्यको रुपमा विकास गर्ने प्राथमिकता प्राप्त क्षेत्रको रुपमा लिएको नीतिलाइ पाल्पाले गहन रुपमा लिनुपर्ने देखिन्छ । यसैगरी केही महिना अगाडि तानसेनलाई मध्ययूगिन सम्पदायूक्त सहरको रुपमा विकास गर्ने बारे गरिएको अध्ययन प्रतिवेदनलाई महत्वका साथ कार्यान्वयनमा ल्याउने पहललाई सकारात्मक रुपमा लिन सक्नुपर्दछ । उल्लेखित यस्ता पहलहरु पाल्पा र तानसेनको पर्यटनलाई दीगोरुप दिने पहलहरु हुन । यी पहलहरु काल्पनिक नभइ केही चरणमा अगाडि बढेका पहलहरु हुन् । यसबाट अहिले विशेषगरी बजारले सामना गरिरहेको आर्थिक क्रियाकलापको समस्यालाई फरक ढंगले सम्बोधन गरी नयाँ आशा र विश्वास जगाउने विश्वास गर्न सकिन्छ ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अरूको फाइदाका लागि उपयोग भइनेछ मित्रहरूको सहयोग नमिल्ला। | **तुला** : व्यापारमा मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। |
| **वृष** :आम्दानीका विभिन्न स्रोत देखिए पनि सोंचेको फाइदा नहुन सक्छ। | **वृश्चिक** : अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। |
| **मिथुन** : मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। लगनशीलतामा कीर्तिमानी हन्छ । | **धनु** : आफन्तहरूको साथ सहयोगले अप्ठ्यारो कार्य पनि समयमा सम्पादन हुनेछ। |
| **कर्कट** :अरूका काममा समय बित्न सक्छ। प्रयत्न गर्दा केही काम बन्नेछन्। | **मकर** :आर्थिक मामिलाहरूमा दिन खर्चिलो रहनेछ । साथीभाइसँग मन रमाउँला । |
| **सिंह** :मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। | **कुम्भ** : धैर्य र पराक्रमले आँटेको कार्य पूरा हुनेछ। शत्रुहरू परास्त हुनेछन्। |
| **कन्या** :मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। | **मीन** :विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ |

## कला मनोरञ्जन

# फिल्म 'रंगी' को टिजर सार्वजनिक



सान्भी इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको फिल्म 'रंगी' को टिजर सार्वजनिक भएको छ। अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको सोमबार सार्वजनिक एक मिनेट ३५ सेकेण्डको टिजर फिल्मका प्रमुख दुई पात्र सलोन बस्नेत र आयुषी ढकाल वरपर घुमेको छ ।टिजरमा छोरी आयुषी र बाबु सलोनको प्रेम, छोरीका लागि सलोनको संघर्ष देखाइएको छ । टिजर खुशी, रोदन र पीडा मिश्रित छ । फुड डेलिभरी ब्वाई बनेका सलोनले छोरीका लागि पानीमा भिज्दै काम गरेको दृश्य, छोरीलाई स्याहार सुसार गरेको दृश्य टिजरमा हेर्न पाइन्छ। टिजरमा कारले हिर्काएर घाइते भएकी छोरीलाई हातमा बोकेर सलोन चिच्याएको दृश्य निकै कारुणिक छ। टिजरमा फिल्मकी अर्की प्रमुख कलाकार नम्रता श्रेष्ठको सलोनसँगको निकटता देखाइएको छ। यो फिल्म आगामी फागुन २ गते रिलिज हुँदैछ । यसअघि फिल्मका दुई पोस्टर सार्वजनिक भइसकेका छन् ।

सार्वजनिक पोस्टरले फिल्मलाई एक किसिमको हाइप दिइसकेको छ । सुरेश न्यौपानेको 'डेब्यू' निर्देशन रहेको फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारीको अभिनय छ। प्रस्तुतकर्ता सलोनका अनुसार फिल्मले बाबुछोरीको कथा देखाउनेछ । फिल्म 'रंगी' सलोनको डेब्यू निर्माण हो। सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतमको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन छ । फिल्मलाई एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछ।

*-डिसी नेपाल डटकम*

# बुद्धि तामाङले घोषणा गरे 'कुस्ती'







फिल्ममा अनिल योञ्जनको लेखन तथा निर्देशन रहनेछ । फिल्मको एक पोष्टर समेत सार्वजनिक गरिएको छ । जसमा धीरज मगर र मिरुना मगर फिचर्ड छन् । यसपटक पोस्टरमा लाइट ग्रीन र लाइट पिङ्कको प्रयोग गरिएको छ ।

पोस्टरमा धीरज मगरले लाइट पिङ्क ड्रेस लगाएका छन् भने मिरुना मगरले लाइट ग्रीन ड्रेसमा देखिएका छन् । धीरजको स्वभाव लाइट पिङ्क जस्तै छ । उ जेन्टल छ, केयरिङ छ, रोमान्टिक छ र सृट छ । यस्तै, मिरुना लाइट ग्रीन कलर झैं प्रगतिशील सम्बन्ध जोड्ने, हरेक कुरामा पर्फेक्ट खोज्ने स्वभावकी छिन् ।

फिल्ममा धीरज र मिरुनासँगै बुद्धि तामाङको पनि मुख्य भूमिका रहनेछ । अनुषा सिनेमावुड पिक्चर्स प्रालीको ब्यानरमा बन्ने फिल्म 'कुस्ती'मा सम्बन्धमा रहेको एक जोडीको प्रेम कथा देखाइने निर्देशक योञ्जनले बताए । उनले भने, 'उनीहरु एक अर्कालाई धेरै माया गर्छन् तर आ-आफनोके स्वभावले गर्दा एकसाथ रहन कठिनाईको सामना गरिरहेका छन् । दर्शकले यो जोडीबाट गर्ने अपेक्षालाई पूर्ण गर्ने हाम्रो प्रयास रहनेछ ।कलाकार बुद्धि तामाङले कथावस्तु र टिमका कारण आफू निर्माणमा आएको बताए । उनले भने, 'म यसै क्षेत्रमा छु ।'यसपटक कथावस्तु मन पर्नुका साथै टिम अनुभवी रहेकाले निर्माताको रुपमा अगाडि आएको छु । यसपटक सबैको साथ र सहयोगले यो यात्रा सफल हुनेमा विश्वस्त छु ।काठमाडौं रीच इन्टरटेनमेन्ट र एप्पल इन्टरटेनमेन्ट, मोफसल एफडी कम्पनीले वितरण गर्ने फिल्म आउँदो वर्ष विसं २०८२ को भाग मा प्रदर्शन हुनेछ ।

*-रातोपाटी डटकम*

# ६ देशमा 'ऊनको स्वीटर' को 'मखमली' ट्रेन्डिङमा





फिल्म 'ऊनको स्वीटर' को सार्वजनिक 'मखमली' गीत युट्युबमा ट्रेन्डिङमा पर्न सफल भएको छ । यो गीत रिलिज भएको २ घण्टाभित्रै नेपालीहरूको बाहुल्य रहेका विभिन्न देशहरूमा ट्रेन्डिङमा प्रवेश गरेको थियो ।

यति बेला नेपालमा चौथो स्थानको ट्रेन्डिङमा रहेको छ भने माल्टामा पहिलो स्थान, कतारमा दोस्रो, युएईमा नवौं, कुवेतमा तेह्रौं र अस्ट्रेलियामा सत्ताइसौं स्थानमा रहेको छ । गीतको रफ्तार हेर्दा चलचित्रले पनि यसै गरी दर्शकको मन जित्ने थप विश्वास बढेको 'ऊनको स्वीटर'का निर्देशक नवीन चौहानले बताए । यो गीतले नेपाली लोक सङ्गीतको चर्चित 'कौडा/चुट्का' भाकालाई पुन: जागरण गर्दै अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगरबीचको अव्यक्त प्रेमलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । पाँचथर र नेपाल-भारत सीमावर्ती फालेलुङको सांस्कृतिक परिवेशमा आधारित यो चलचित्रका गीत तथा दृश्यहरूले दर्शकहरूको मन जितिरहेका छन् । 'मखमली' गीतलाई सुजन चापागाईं र सुनिता थेगिमले स्वर दिएका छन् । हर्क साउदको शब्द रचना, सुजन चापागाईंकै सङ्गीत, र कोविद बज्रको सङ्गीत निर्माण रहेको छ । दीप गुरुङको कोरियोग्राफीमा बनेको भिडियोमा अभिनेता विल्सन विक्रम राईको रोचक भूमिकाले थप आकर्षण थपेको छ ।
गीतको टीजर नै केही दिनअघि सार्वजनिक हुँदा दर्शकहरूको अत्यधिक रुचि पाएको थियो । पूर्ण गीत सार्वजनिक भएपछि यो अपेक्षाकृत चर्चित बनेको छ । यस गीतबाट दर्शकहरूले चलचित्र हेर्न व्यग्र प्रतीक्षा रहेको प्रतिक्रिया दिइरहेका छन् । 'ऊनको स्वीटर' आर्टमाण्डू प्रा.लि.को निर्माणमा बनेको पहिलो फिचर चलचित्र हो । चलचित्रलाई नवीन चौहानले निर्देशन गरेका हुन् भने सुरज कट्टुवालको सह लेखन रहेको छ । चलचित्रमा विपिन कार्की, मिरुना मगर, सुनिल पोखरेल, माओत्से गुरुङ, विल्सन विक्रम राई, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बु, सुरज तमू, र भावना खपाङ्गी मगरलगायतको अभिनय रहेको छ ।**-रमाईलोछ डटकम**

# प्रियंका कार्की अभिनित 'ममी'को टिजर सार्वजनिक



दीया मास्के, सुलक्षण भारतीय र प्रियंका कार्कीको शीर्ष भूमिका रहेको हरर फ्यामिली ड्रामा 'ममी'को टिजर सार्वजनिक भएको छ ।टिजरले कथावस्तु, चरित्र चित्रण र फिल्मको कथ्यबारे महत्वपूर्ण प्रकाश पार्छ । परिवारको प्रिय घरपालुवा कुकुरको मृत्युपछि कालो बिरालो पाल्दा घरमा आउने श्रृंखलाबद्ध रहस्यमय घटनालाई टिजरमा चित्रण गरिएको छ । टिजरले दर्शकमा रहस्य र कौतुलहता जगाउन प्रयत्न गरेको छ । यसमा थ्रीलरसहितका तत्व पनि समावेश छन् । प्रियंकाको यो दोस्रो हरर फिल्म हो । यसअघि उनले 'चि मुसी चि'मा अभिनय गरेकी थिइन् । सुपरहिट फिल्म 'बोक्सीको घर' फेम्ड निर्देशक भारती यो फिल्ममा शीर्ष अभिनेताको रुपमा छन् । फिल्ममा समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेबिस श्रेष्ठ, गीत विष्टको पनि अभिनय छ ।

*-अनलाईन खबर डटकम*

# प्रियंका चोपडाले खुलाइन् अमेरिका जानुको कारण



बलिउड तथा हलिउड अभिनेत्री प्रियंका चोपडाले बलिउड छाडेर अमेरिका जानुको कारण खुलाएकी छन् ।

उनले डेक्स शेफर्डको पोडकास्टमा आफूले चाहे जस्तो फिल्म नपाएपछि र इन्डस्ट्रीमा राजनीति बढेपछि बलिउड छाडेको बताएकी हुन् । 'बलिउडमा मैले काम पाइरहेको थिएँ। तर म खुशी थिइनँ। म यसबारे पहिलो पटक कुरा गर्दैछु किनकि मलाई यसबारे कुरा गर्न असुरक्षित महसुस हुन्थ्यो,' उनले भनिन् । उनले बलिउड छाड्नुको कारण बताउँदै भनिन्, 'मलाई देसी हिट्सकी अञ्जली आचार्यले एक म्युजिक भिडिओ देखाएकी थिइन्। त्यतिबेला म सात खून माफको छायांकन गरिरहेकी थिएँ ।

अञ्जलीले मलाई अमेरिकामा आफ्नो म्युजिक करियर बनाउन चाहन्छौ भनेर सोधिन् । म त्यतिबेला बलिउडबाट भाग्ने अवसरको खोजीमा थिएँ ।' 'मलाई इन्डस्ट्रीले एक कुनामा धकेलिरहेको महसुस भइरहेको थियो । फिल्मकर्मीहरू मलाई कास्ट गर्न छोडिसकेका थिए । मबाट फिल्मकर्मीहरू असन्तुष्ट थिए । म त्यस्तो खेल खेल्न सक्दिन थिएँ । त्यसैले बलिउडको राजनीतिबाट थाकिसकेको थिएँ र म ब्रेक लिन चाहन्थेँ,' उनले भनिन् । प्रियंकाले आफ्नो अभिनय करियर छाडेर गीत गाउन सुरू गरेकी थिइन् । कामको खोजीमा उनी अमेरिका पुगेकी हुन् । उनले पिटबुल फर्रेल विलियम्स र जे जेड जस्ता गायकसँग काम गरिन् । तर उनी म्युजिकमा जम्न सकिनन् । 'मैले म्युजिकबाट आफूलाई विश्वभर चिनाउने प्रयास गरेँ । म्युजिकमा राम्रो गर्न नसकेपछि अभिनय नै ठिक छ जस्तो लाग्यो,' उनले भनिन् । उनले एबिसीको सिरिज 'क्वांटिको' मा काम गरेकी थिइन् ।

जसले उनलाई विश्वभर चिनायो । हाल प्रियंका अन्तर्राष्ट्रिय फिल्मसँगै शो पनि गरिरहेकी छन् । उनी हलिउड स्पाइ वेब सिरिज 'सिटाडेल' र 'लभ अगेन' मा देखिनेछिन् । योसँगै उनी बलिउड फिल्म 'जि ले जरा' मा देखिनेछिन् ।**-सेतोपाटी डटकम**

# एउटा गीतको सुटिङमा ७५ करोड खर्च



पछिल्लो समय मेगा बजेट फिल्मको चलन बढेको छ । दृश्य, भिजुअल, गीत र एक्सनलाई प्रभावकारी बनाउन निर्माताहरूले बढी पैसा खर्च गरिरहेका छन् ।तर धेरै पटक यो निर्माताका लागि सो लगानी सही सावित हुन सकेका छैनन् र फिल्म नराम्रोसँग फ्लप भएका छन् । त्यस्ता फिल्म फ्लप हुँदा समीक्षक र विश्लेषकहरूले निर्मातालाई कथामा ध्यान दिन सुझाव दिएका छन् । त्यस्तै मेगा बजेटको एउटा फिल्म अर्को महिना रिलिज हुँदैछ ।

यो फिल्मका गीतमा मात्रै निर्माताले ७५ करोड रुपैयाँ खर्च गरेका छन् । हो, हामी दक्षिण भारतीय अभिनेता रामचरणको आगामी फिल्म 'गेम चेन्जर' को बारेमा कुरा गर्दैछौं ।यो फिल्मको कुल बजेट करिब २५० करोड भारु रहेको जनाइएको छ । फिल्ममा रामचरणको अपोजिटमा कियारा आडवाणी छिन् । डेक्कन क्रोनिकलको रिपोर्ट अनुसार हालै फिल्मको प्रि रिलिज कार्यक्रम अमेरिकाको डलासमा आयोजना गरिएको थियो । यसको गीतमा निर्माताले ७५ करोड रुपैयाँ खर्च गरेका त्यहीबाट खुलेको हो ।'गेम चेन्जर'का यी गीतका लागि विलासी र ठूला सेट जडान गरिएको थियो । फिल्म रिलिज हुन १२ दिन बाँकी छ । यो जनवरी १० मा मकर संक्रान्तिको अवसरमा विश्वभरका धेरै भाषाहरूमा रिलिज हुनेछ। फिल्मका हालसम्म ४ वटा गीत रिलिज भइसकेका छन् । यद्यपि ट्रेलर र पाँचौं गीत आउन बाँकी छ ।

पाँचौं गीतलाई दर्शकले सिनेमाघरमा मात्रै हेरोस् भन्ने निर्माताको चाहना रहेको जनाइएको छ ।'गेम चेन्जर' को 'जरगण्डी' गीत ७० फिट अग्लो पहाडी गाउँको सेटमा खिचिएको हो । यसको सुटिङ गर्न १३ दिनभन्दा बढी समय लागेको थियो । यसमा ६ सय नर्तक छन्, जसले ८ दिनमा सुटिङ पुरा गरेका थिए । जसको कोरियोग्राफी प्रभु देवाले गरेका हुन् । जम्पनरा जुटबाट बनेको यस गीतमा इकोफ्रेण्डली लुगा प्रयोग गरिएको थियो ।उता, 'रा माचा माचा' गीतमा १ हजारभन्दा बढी नर्तक राखिएको छ । 'रा माचा माचा' गीतको छायांकन देशका विभिन्न स्थानमा गरिएको छ । यसले भारतीय लोक नृत्य र लोक कलाको झलक देखाउँछ। जसमा रामचरणसँग १ हजारभन्दा बढी नर्तकले प्रस्तुति दिएका छन् । योसँगै 'नाना हयाना' पहिलो भारतीय फिल्म गीत बनेको छ, जसलाई 'इन्फ्रारेड क्यामेरा'बाट खिचिएको छ । यो गीतलाई रामचरण र कियारा आडवाणीले न्यूजिल्यान्डको सुन्दर लोकेशनमा खिचेका हुन् । यो गीत छायांकन गर्न ६ दिन लागेको थियो ।

*-हाम्राकुरा डटकम*

# ‘नेतृत्वमा विकास गर्ने इच्छा शक्ति नै छैन्’

**गुल्मी, पौष १६**/नेपाली काँग्रेसका प्रभावशाली नेता तथा गुल्मी क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य डा. चन्द्र भण्डारीले राजनीतिक नेतृत्वमा विकास गर्ने इच्छा शक्ति नै नभएको बताएका छन् ।

मंगलबार गुल्मीको कालीगण्डकी गाउँपालिका र पर्वतको बियादी गाउँपालिका जोड्ने पक्की पुलको उद्घाटन गर्दै नेता भण्डारीले नेतृत्वमा इच्छा शक्ति नभएकै कारण मुलुकले विकासमा फड्को मार्न नसकेको बताएका हुन् ।

राजनीतिक नेतृत्वले चाहेमा देशको विकास सम्भव रहेको उल्लेख गर्दै उनले त्यस्तो नेतृत्व अहिले आउन नसकेको उल्लेख गरे । नेता भण्डारीले भने ‘राजनीतिक दलको नेतृत्व गर्ने व्यक्ति पाँच वर्षमा विकास गर्न नसके जानै हुँदैन ।’ देश विकास गर्ने भन्दा पनि व्यक्ति बन्ने सोच भएका कारण नै नागरिकको इच्छा अनुसार विकास हुन नसकेको उनको तर्क छ ।



**पुल उद्घाटन सत्रलाई सम्बोधन गर्दै नेता चन्द्र भण्डारी ।**
*तस्बिर : तिलाचन पाण्डे*

तत्कालिन तम्घास सिमलटारी प्युठान सडक आयोजना गुल्मी र एलिट कन्ट्रक्सन प्रालि काठमाडौबीच २०७३ साल भदौ ३१ गते १४ करोड ६७ लाख ७६ हजार ५ सयमा सम्झौता भएको थियो ।

सम्झौता अनुसार निर्माण ब्यवसायीले २०७६ साल चैत ३० गते कार्य सम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने थियो । पछि सम्झौता भएको कार्यालय नै खारेज भएर तत्कालिन समयमा सो कार्यालयसँग सम्झौता भएका योजनाहरु हेर्ने जिम्मा मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घास गुल्मीले पाएको थियो । २०७९ सालमा उक्त पुलको सडक डिभिजन कार्यालय पाल्पामार्फत कार्यान्वय हुने गरी दायित्व हस्तान्तरण भएको हो । सडक डिभिजन कार्यालय पाल्पाका सूचना अधिकारी दुर्गा गौतमले लामो समय पछि उक्त पुलको निर्माण कार्य सम्पन्न भएको बताए । सार्वजनिक खरिद नियमवालीको १२ औं संशोधन अनुसार २०८१ साल असार मसान्तसम्म काम सम्पन्न गर्नुपर्ने ब्यबस्था रहेको थियो ।

# रायमाझी कूलदेवता समिति तानसेनमा नयाँ नेतृत्व

**पाल्पा,** पौष १६/रायमाझी कूलदेवता तानसेन नगर समितिमा नयाँ नेतृत्व आएको छ । समितिको तानसेनमा भएको २१ औं साधारण सभा तथा छैठौं अधिवेशनबाट केशव रायमाझीको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको हो ।

आर्यभञ्ज्याङ् निवासी रायमाझी सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् । जसको उपाध्यक्ष चिना रायमाझी, सचिवमा खिमबहादुर रायमाझी, कोषाध्यक्षमा नारायण रायमाझी चयन भएका छन् । यस्तै सदस्यहरुमा इन्द्र बहादुर रायमाझी, राधादेवी रायमाझी, विष्णु रायमाझी, सिर्जना रायमाझी, सीता रायमाझी, पुनम रायमाझी र जीवन रायमाझी रहेका छन् । अधिवेशनको रायमाझी कूल देवता समितिका केन्द्रीय अध्यक्ष एवं पूर्व सिडिओ टेकविरजंग रायमाझीले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै रायमाझीले देशभरका समितिहरुमार्फत रायमाझी बन्धुहरुलाई




एउटै छाता भित्र ल्याउने काम गर्दै आएको बताए । उनले केन्द्रीय समितिले विधान बनाउनेदेखि वंशावली निर्माण गर्ने काम गर्दै आएको बताउँदै देशभरका समितिहरुलाई बलियो र चलायमान बनाउने कार्यमा समेत नेतृत्व लागेको बताए । उनले पूर्खाले आर्जेका सम्पतिहरुको खोजतलास गरी तिनीहरुको संरक्षण गर्ने र मुलुक निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका रायमाझी बन्धुहरुको खोजी गरिने धारणा व्यक्त गरे । समितिका केन्द्रीय सल्लाहकार यादवबहादुर रायमाझीले देशैभर रायमाझी कूलदेवताको समिति गाउँ, नगर, जिल्ला र केन्द्रमा समेत रहेको बताउँदै रायमाझी बन्धुहरुलाई समितिमा ल्याई बन्धुत्वको भावनालाई जागृत गराएको बताए । उनले कमजोर अवस्था भएका बन्धुहरुलाई सहयोग गर्ने र सम्पन्न भएकाहरुबाट सहयोग जुटाउने काममा देशैभरका समितिहरु परिचालन भएको बताए । कार्यक्रममा समितिका केन्द्रीय सदस्यहरु हरी रायमाझी, झलकबहादुर रायमाझी, बुद्धि रायमाझी, समितिका जिल्ला अध्यक्ष कमल रायमाझी, नेपाल पत्रकार महासंघका जिल्ला सचिव रामचन्द्र रायमाझी, समितिका सदस्य इन्द्रबहादुर रायमाझी लगायतले रायमाझी बन्धुहरुको सुख:दुखमा काम गर्न नयाँ नेतृत्वलाई आग्रह गरे । समितिका कार्यवाहक अध्यक्ष चिना रायमाझीको अध्यक्षता, सदस्य मञ्जु रायमाझीको स्वागत, सचिव खिमबहादुर रायमाझीको सञ्चालनमा कार्यक्रम भएको हो ।


## वर्गिकृत डिस्प्ले

***१ X ५ साइजमा मात्र***

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति: २०८१/०९/१६**

श्री गणेश कुमार नेपालको छोरी, तोय नारायण काफ्लेको पत्नि, पाल्पा जिल्ला, तानसेन नगरपालिका, वडा नं.०६, बस्ने शान्ती देवी काफ्ले भन्ने टंक कुमारी मल्लको मिति २०८०/०७/२१ गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि. पाल्पा शाखामा रहेको खाता नं.०४०००२५७६०९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाँउ भनी निज खातावालाको छोरा विमल प्रसाद काफ्ले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

**कुमारी बैंक लिमिटेड**
**तानसेन,पालपा फोन नं.०७५-५२२६९०**

**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तम्घास, गुल्मी**

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/१७)**

यस रेसुङ्गा नगरपालिका कार्यालयको लागि तपशिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा सम्बन्धित तहको लोकसेवा आयोगको ढाँचामा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०५/२०८१/०८२ | सव-ईन्जिनियर | पाँचौ | १ |
| २ | ०६/२०८१/०८२ | असिस्टेण्ट सव-ईन्जिनियर | चौथो | १ |
| ३ | ०७/२०८१/०८२ | नगर प्रहरी जवान | | १ |

**१.शैक्षिक योग्यता:**

**(क) सव-ईन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको वा राष्ट्रिय परीक्षा बोर्डबाट सिभिल ईन्जिनियरिङ्ग संकायमा कक्षा ९ देखि १२ सम्म उत्तीर्ण गरेको ।

**(ख) असिस्टेण्ट सव-ईन्जिनियर :** कम्तीमा सि. टि. ई. भि. टी. बाट १८ महिने डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा सो सरह वा TSLC उत्तीर्ण गरेको

**(घ) नगर प्रहरी जवान:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा आठ वा सो सरह उत्तिर्ण गरेको ।

२. **आवेदन दिने अन्तिम मिति :** २०८१/१०/०२ गतेसम्म कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र ।

३. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, कार्यअनुभवका प्रमाणपत्रहरुका प्रतिलिपिहरू, २ प्रति पासपोर्ट साईजको फोटो ।

४. **उमेर :** पूरुष : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । **महिला :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । नगर प्रहरी जवानको हकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा भारतीय सेनामा कम्तिमा ८ वर्ष सेवा गरी अबकास भएको व्यक्तिको हकमा उमेरको हद ४५ वर्ष ननाघेको।अन्यको हकमा उमेरको हद ३५ वर्ष ननाघेको ।

५. **आवेदन दस्तुर :** सव-ईन्जिनियरको हकमा रू. २०००, असिस्टेण्ट सव-ईन्जिनियरको हकमा रू. १५००, नगर प्रहरी जवानको हकमा रु. १०००

६. **दरखास्त दिने स्थान :** रेसुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तम्घास, गुल्मी ।

७. **तलव भत्ता :** करार सम्झौता बमोजिम ।

८. **छनौटको तरिका :** प्रारम्भिक योग्यताक्रमको सूची, लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता । नगर प्रहरी जवानको हकमा विशेष शारीरिक परीक्षण, लिखित परीक्षा, विशेष स्वास्थ्य परीक्षण र अन्तर्वार्ता ।

९. स्थानीय तहमा कार्य गरेका अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ । नगर प्रहरी जवानको हकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा भारतीय सेनामा कार्य गरेको अनुभवीलाई प्राथमिकता दिईनेछ ।

१०. थप सम्पर्कका लागि: सुरेश खनाल, सूचना प्रविधि अधिकृत (९८४७११९२४७)

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थीर सम्पत्ति (जग्गा) बिक्री सम्बन्धी सूचना

**सूचना प्रकासित मिति : २०८१/०९/०३**

यस रानिमहल बचत तथा ऋण सहकारी संस्था लि.को नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको (स्थीर सम्पत्ति) जग्गा विक्री सम्बन्धमा संस्थाको मिति २०८१/०९/०३ गते बसेको सञ्चालक समितिको निर्णय तथा साधारण सभाबाट अनुमोदन भए बमोजिम तपसिलको जग्गा बिक्रीको लागि ३० दिने सूचना प्रकाशित गरिन्छ । उक्त जग्गा खरिदका लागि इच्छुक व्यक्तिहरुले प्रस्तावित अध्याधिक मुल्य समेत खुलाई तोकिएको मिति भित्र यस संस्थाको कार्यालय तानसेन ३ पाल्पामा निवेदन पेश गर्नुहुन सुचित गरिन्छ ।

**तपसिल**

**प्रस्तावित अचल सम्पत्ति (जग्गा) विवरण :-**

१. पाल्पा जिल्ला साविक बन्दीपोखरा वडा नं. ४ को कित्ता नं. १२२६ क्षेत्रफल ०-१२-०-०
२. पाल्पा जिल्ला साविक बन्दीपोखरा वडा नं. ४ को कित्ता नं. १२२७ क्षेत्रफल १-१३-३-१

**जग्गा विक्री सम्बन्धि शर्त तथा निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणीत प्रतिलीपी पेश गर्नुपर्ने छ ।
२. प्राप्त आवेदनहरु मध्येबाट अत्याधिक रकम दावी सहित पास गर्न इच्छुक व्यक्तिलाई मात्र छनोट गरिनेछ ।
३. दुवै कित्ता सकार गरी खरिद गर्ने व्यक्तिको आवेदन मात्र स्वीकृत गरिनेछ साथै कुनै रित नपुगेको वा स्वीकार गर्न सकिने किसिमको आवेदन नभएमा सञ्चालक समितिले अस्विकृत गर्न सक्नेछ ।
४. कबोल गरेको रकमको २ प्रतिशतले हुन आउने रकम यस संस्थाको ज्योति विकास बैंक तानसेन पाल्पामा रहेको खाता नं.०७७००१००२४९१३६००००९१ मा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै भौचरसहित दावी पेश गर्नुपर्ने छ र स्वीकृत भएको बढिमा एक महिना भित्र सबै रकम चुक्ता गरे पछि मात्र राजीनामा पास गरि दिईने छ । अस्वीकृत आवेदकको धरौटी रकम एक हप्ता भित्रमा फिर्ता गरिने छ
५. प्रचलित कानून बमोजिम बाझिने तथा अवरोध हुने अवस्थामा संस्थाले बिक्री सम्बन्धि प्रक्रिया आँशिक वा पूरै रद्ध तथा संशोधन गर्न सक्नेछ ।
६. **निवेदन पेश गर्ने अन्तिम मिति :** सूचना प्रकाशित मितिले ३० औं दिनमा र सो दिनमा विदा परेमा त्यसको भोलि पल्ट निवेदन दिन सकिने छ र त्यसको भाबेलि पल्ट निवेदन खोलिने छ ।
७. जग्गा रजिश्ट्रेशन पास वापत लाग्ने राजश्व दस्तुर जग्गा खरिद गर्ने आवेदक स्वयंले नै तिनुपर्ने छ ।
८. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा संस्थाको कार्यालय तानसेन ३ भगवतीटोल तानसेनमा सम्पर्क राख्न हुन समेत सूचित गरिन्छ ।

**भूगोल प्रसाद बैजु श्रेष्ठ**
**अध्यक्ष**
**श्री रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३ पाल्पा, सम्पर्क नं : ०७५-५२०९३२**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई